# बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालन कार्यविधि, २०७६

(मिति २०७६/०८/०२ माननिय मन्त्री स्तरबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पोखरा,कास्की

# बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालन कार्यविधि, २०७६

<u>प्रस्तावना</u> :कृषि वस्तुहरुको उत्पादन एवं उत्पादकत्व बृद्धि गर्न उन्नत बीउ उत्पादन, बीउको प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस कार्यविधिको नाम "बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालन कार्यविधि २०७६" रहेको छ ।

२) यो कार्यविधि गण्डकी प्रदेशभर तुरुन्त लागु हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"आवेदक" भन्नाले बीउ उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्न ईच्छुक बीउ उत्पादक कृषक समूह, कृषि सहकारी संस्था, कृषि फार्म, कृषि कम्पनी र कृषि उद्यमीलाई सम्झनु पर्छ ।

(ख)"केन्द्र" भन्नाले जिल्लास्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ग)"मूल्यांकन समिति" भन्नाले दफा ७ बमोजिमको मूल्यांकन समितिलाई सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ)"बीउ उत्पादन" भन्नाले बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले तोकेको मापदण्ड अनुसार बाली उत्पादनका लागि बीउ बिजन उत्पादन गर्ने कार्यलाई जनाउँछ।

(च)"बीउ प्रशोधन" भन्नाले बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले तोकेको मापदण्ड अनुसार उत्पादित बीउको गुणस्तरमा ह्रास आउन नदिनका लागि गर्ने कार्यहरु सुकाउने, सफा गर्ने, ग्रेडिङ्ग गर्ने, उपचार गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई सम्झनुपर्छ ।

(छ)"बीउ बजारीकरण" भन्नाले बीउ बिजनको विक्री वितरण गर्ने कार्यलाई सम्झनुपर्छ।

(ज)"बीउ भण्डारण"भन्नाले बीउलाई सुरक्षित तरिकाले गुणस्तर नबिग्रने गरी राख्ने वा संरक्षण गर्ने कार्यलाई जनाउँछ ।

(झ)"मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

३. **कार्यक्रम संचालनको उद्देश्य** : यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

क) बालीहरुको बीज बृद्धि कार्यक्रमलाई व्यवसायिकरण गर्ने ।

ख) कृषकहरुलाई गुणस्तरीय बीउ विजन प्रयोग गर्न अभिप्रेरित गर्ने ।

ग) गण्डकी प्रदेशमा आवश्यक बीउ बिजनको उत्पादन सुनिश्चित गर्दै कृषकहरुलाई आवश्यक परिमाणको बीउ बिजन समयमा उपलब्ध गराउने ।

घ) उन्मोचित नयाँ जातका बीउ बिजनको बृद्धि तथा प्रसारण गर्ने ।

ङ) बीउ बिजनको प्रशोधन लगायत भण्डारणलाई व्यवस्थित गर्ने।

## परिच्छेद २

## कार्यक्रम विवरण र संचालन विधि

४. **संचालन हुने कार्यक्रम**:यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रम देहायवमोजिम हुनेछन ।

**क) बीउ उत्पादन कार्यक्रम**

बीउ उत्पादन गर्नको लागि ईच्छुक बीउ उत्पादकहरुले बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले तोकेको मापदण्ड अनुसार बीउ उत्पादन कार्य संचालन गर्न सक्नेछन् । तर मूल बीउ वा श्रोत बीउ उत्पादन गर्नको लागि सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ।

**ख) बीउ प्रशोधन कार्यक्रम**

उत्पादित बीउलाई बीउ उत्पादकहरुले संकलन गरी प्रशोधन कार्य संचालन गर्न सक्नेछन् ।

**ग) बीउ भण्डार कार्यक्रम**

प्रशोधन गरिएका बीउ बिजनको गुणस्तर ह्रास नहुने गरी सुरक्षित साथ राख्नका लागि बीउ भण्डार घर/गोदाम निर्माण, सिड विन, बीउ भण्डार बोरा लगायतका सामानहरुको खरिदको लागि सहयोग उपलब्ध हुनेछ ।

५. **कार्यक्रम संचालन विधि**:(१) यस कार्यविधि अनुरुप बीउ उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्न आवेदकहरुबाट एकल वा साझेदारीमा वा सहकार्यमा कार्यक्रम संचालनका लागि केन्द्रले प्रस्ताव आव्हानको सार्वजनिक सुचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्ने आवेदकले आफूले बीउ उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण गर्न चाहेको स्थान, बीउ व्यवसाय संचालन गर्ने बाली र कार्यक्रम संचालन हुने क्षेत्रफल उल्लेख गरी कार्य योजना सहित यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिमका सम्पूर्ण कागजात सहित आवेदन प्रस्ताव पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

६. <u>आवेदन दिन आवश्यक योग्यता</u>:यस कार्यविधि अनुरुप बीउ उत्पादन, प्रशोधन र भण्डारण गर्नका लागि अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका आवेदकहरुले निवेदन दिन सक्नेछन् ।

(१) आवेदक संस्था कानुन बमोजिम दर्ता भई कानुन बमोजिम नविकरण भएको, स्थायी लेखा नम्बर लिएको, वार्षिक लेखा परीक्षण गरेको र सरकारी कर चुक्ता गरेको हुनु पर्नेछ । कृषक समूहको हकमा भने संस्था दर्ता, नविकरण र वार्षिक लेखा परीक्षण गरेको हुनु पर्नेछ

(२) बीउ उत्पादन कार्यक्रम व्यक्तिगत वा सामूहिक रुपमा क्लष्टरमा संचालन हुनु पर्नेछ ।

(३) बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धी कार्यहरु संस्थाको आफ्नै नाममा भएको जग्गा वा भाडामा लिएको जग्गामा संचालन गर्नु पर्नेछ । बीउ प्रशोधन र भण्डारण गर्ने संरचना निर्माणका लागि जग्गा भाडामा लिनु पर्ने भएमा कम्तिमा १५ वर्षका लागि लिजमा लिएको हुनु पर्नेछ ।

(४) व्यवसायिक बीउ उत्पादनको प्रवर्द्धन तथा विस्तारको संभावना भएको ठाउँ हुनु पर्नेछ।

(५) आवेदक संस्थाका सदस्यहरु बीउ उत्पादन र प्रशोधन कार्य गर्न ईच्छुक र प्रतिवद्ध भएको हुनु पर्नेछ ।

(६) प्रस्तावक संस्थाले आवश्यक सहयोगको लागि सम्पूर्ण कार्य बिवरण सहित निवेदन पेश गर्नु पर्नेछ ।

७. <u>प्रस्ताव मूल्यांकन समिति:</u> (१) दफा ५ अनुसारको सूचना बमोजिम कार्यक्रम संचालनका लागि पेश भएका प्रस्तावहरुको मूल्यांकन गरी उपयुक्त प्रस्तावको छनौट गर्नका लागि केन्द्रमा देहाय बमोजिम मूल्यांकन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| क) | वरिष्ठतम अधिकृत, | संयोजक |
| ख) | कृषि प्रसार अधिकृत, | सदस्य |
| ग) | वागवानी विकास अधिकृत, | सदस्य |
| घ) | कृषि अर्थ विज्ञ | सदस्य |
| ङ) | लेखा प्रतिनिधि | सदस्य |
| च) | वाली विकास अधिकृत, | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा अधिकृत वा अधिकृत स्तरको कर्मचारी नभएको अवस्थामा अन्य प्राविधिक अधिकृत वा प्राविधिक सहायकलाई समितिमा समावेश गरी पेश भएका प्रस्तावहरुको छनौट गर्न सकिनेछ ।

८. <u>मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u> मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) यस कार्यविधि अनुसार पेश हुन आएका प्रस्तावहरुको अनुसूची ४ को मूल्यांकन ढाँचा अनुरुप मूल्यांकन गर्ने ।

(२) स्वीकृत वजेटको परिधिभित्र रही प्रस्तावित कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउन स्वीकृतीका लागि केन्द्र प्रमुखलाई सिफारिस गर्ने ।

(३) प्रस्तावित कार्यक्रम संचालनका लागि अनुदानको पहिलो किस्ता र प्रगतिका आधारमा अन्य किस्ताहरु उपलब्ध गराउन सिफारिस गर्ने ।

(४) संचालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(५) केन्द्र प्रमुखलाई संचालित कार्यक्रमहरुको प्रगतिको सम्बन्धमा पृष्ठपोषण गर्ने ।

## परिच्छेद ३

## <u>सम्झौता र अनुदान व्यवस्था</u>

९. <u>सम्झौता</u>ः (१)प्रस्ताव छनौट पश्चात अनुदानग्राहीले प्रस्ताव बमोजिम प्रशोधन,तथा भण्डार गृह निर्माणको लागि अनुदानग्राही र ज्ञान केन्द्र बिच अनुसूचि ५ बमोजिमको सम्झौता गरिनेछ ।

१०. <u>अनुदान व्यवस्था</u>ः बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालनका लागि देहायवमोजिम अनुदान प्रदान गरिनेछ ।

(क) **बीउ उत्पादन कार्यक्रमः** प्रस्तावमा पेश भए बमोजिम बीउ उत्पादन कार्यक्रम संचालनका लागि बीउ, मल र अन्य उत्पादन समाग्रीहरुमा कुल लागतको वढीमा ५० प्रतिशत सम्म अनुदान प्रदान गरिनेछ । अनुदान नगद वा जिन्सी दुबैमा हुन सक्नेछ । एउटा प्रस्तावका लागि बढीमा १० लाख रुपैया वा सो वराबरको उत्पादन समाग्रीहरु अनुदानको रुपमा प्रदान गरिनेछ ।

(ख) **बीउ प्रशोधन कार्यक्रमः** प्रस्तावमा पेश भए बमोजिम बीउ प्रशोधन कार्यक्रम संचालनका लागि आबश्यक पर्ने खलान निर्माण, प्रशोधन/ग्रेडिङ्ग मेशिन, चिस्यान नाप्ने मेशिन, जोख्ने मेशिन, वोरा आदि समाग्रीहरु खरिदका लागि कुल लागतको बढिमा ७० प्रतिशत सम्म प्रदान गरिनेछ । अनुदान नगद वा जिन्सी दुबैमा हुन सक्ने छ । एउटा प्रस्तावका लागि बढीमा २० लाख रुपैया वा सो वराबरको प्रशोधन मेशिनेरी वा अन्य सामाग्रीहरु अनुदानको रुपमा प्रदान गरिनेछ ।

(ग) **बीउ भण्डारण गृह निर्माण कार्यक्रमः** प्रस्तावमा पेश भए बमोजिम बीउ भण्डारण वा गोदाम निर्माणका लागि अनुदान उपलब्ध हुनेछ । लागत अनुमान बमोजिम पेश भएको कुल रकमको बढीमा ७० प्रतिशत वा रु ५० लाख सम्म अनुदान प्रदान गरिनेछ ।

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

(घ)बीउ उत्पादनको लागि आवश्यक जग्गाको क्षेत्रफल बीउ बीजन प्रमाणीकरण निर्देशिका, २०७४ ले तोकेको मापदण्ड वमोजिम हुनेछ ।

(ङ) बीउ प्रशोधनको लागि आवश्यक जग्गाको क्षेत्रफल २ रोपनी र बीउ भण्डार गृह निर्माणको लागि आवश्यक जग्गाको क्षेत्रफल १ रोपनी हुनेछ ।

(च) अनुदानग्राहीले कम्तिमा १५ वर्षसम्म अविछिन्न रुपमा प्रस्ताव एवम् सम्झौता वमोजिमको कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(छ) अनुदान रकम कार्य प्रगति, प्राविधिकको स्थलगत अनुगमन रिपोर्ट र सिफारिसको आधारमा सम्झौता बमोजिम बढीमा २ किस्तामा उपलब्ध गराइनेछ ।अनुदान प्राप्त गराइने कुल रकमको अधिकतम ४ प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ ।

## परिच्छेद ४
## अनुगमन व्यवस्था

११. **कार्यक्रम अनुगमन:** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको अनुगमनको देहाय बमोजिम हुनेछ

(क) उल्लेखित कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालय, निर्देशनालय र केन्द्रले गर्नेछ ।

(ख) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

(ग) उपदफा (ख) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(घ) कार्यक्रम संचालन पश्चात प्राप्त अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ।

## परिच्छेद ५
## विविध

१२. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई केन्द्रले अनुदान सहयोग रोक्का गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम वा सहयोग लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी अनुदानको रकम असुल उपर गरिनेछ । यसका साथै अनुदानग्राहीको तथ्याङ्क राखी आगामी दिनमा कुनै पनि प्रकारको सहयोग वा अनुदानका लागि अयोग्य ठहर गर्न सकिनेछ।

१३. **बाधा अड्चन र निरुपण:** यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशनालयको सिफारिसमा मन्त्रालयले गर्नेछ ।

१४. <u>खारेजी एवं संशोधन:</u> यस कार्यविधिमा कुनै प्रकारको संशोधन आवश्यक देखिएमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ ।

अनुसूची १

(दफा ५ को उपदफा १ सँग सम्वन्धित)

**बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउन प्रस्ताव आव्हानको सूचना**

**सूचना । सूचना ।। सूचना ।।।**

यस .............ले आर्थिक बर्ष ...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक वा कृषक समूह, कृषि सहकारी संस्था, कृषि फार्म, कृषि कम्पनी आदिबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालन कार्यविधि, २०७६ अनुसूची २ अनुसारको कागजातहरु एवं अनुसूची ३ अनुसार ब्यवसायिक प्रस्ताव सहित आवेदन पेश गर्न आव्हान गरिएको छ । थप जानकारीका लागि सम्बन्धित यस.......... सम्पर्क गर्न हुन अनुरोध छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची २

(दफा ५ को उपदफा २ सँग सम्वन्धित)

**बीउ उत्पादन कार्य योजना (प्रस्ताव)को सक्षिप्त ढाँचा**

१. कृषक समूह/कृषि सहकारी/कृषि कम्पनीको नाम र ठेगाना:

२. बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम संचालन हुने क्षेत्रफल:

३. बीउ उत्पादन, प्रशोधन र भण्डारणमा लगाईने वाली:

४. सञ्चालन गरिने कार्यको बिवरण

क) प्रस्तावित बीउ उत्पादन, प्रशोधन र भण्डारण विवरण

| क्र.स | कार्यक्रमको विवरण | संख्या /क्षमता /आकार/क्षेत्रफल | अनुमानित लागत रु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) कार्यक्रम संचालनबाट प्राप्त हुने अनुमानित प्रतिफल र आम्दानी

| क्र.स | विवरण | ईकाई | मूल्य प्रति इकाई | अनुमानित आम्दानी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. बीउ उत्पादन, प्रशोधन र भण्डारण अनुदान सहयोग पश्चात कार्यक्रम निरन्तरताका आधारहरु उल्लेख गर्नु होस ।

प्रस्तावकको

संस्थाका नाम:		संस्थाको छाप:

ठेगाना:

दस्तखत:

मिति:

*नोट: आवश्यकता अनुसार प्रस्ताव पेश हुने ढाँचामा परिमार्जन हुन सक्ने छ ।*

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

रु १० को
टिकट

# अनुसूची ३

**(दफा ६ सँग सम्वन्धित)**

**<u>आवेदन फाराम</u>** मितिः

श्रीमान ..........................ज्यू,

....................................।

**विषयः बीउ उत्पादन, प्रशोधन र भण्डारण सञ्चालनका लागि अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ ...................बाट बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग भए बमोजिम (**आवेदक संस्था वा कम्पनीको नाम तथा ठेगाना**)...... ............................... ले सञ्चालन गर्ने ....................... बीउ उत्पादनको व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................./-(अक्षरेपी ....... ........................................................) को बीउ उत्पादनको व्यवसायिक योजना तयार गरी आवश्यक अन्य काजगातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु । बीउ उत्पादनको व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./- ( अक्षरेपी...... ...........................) बाहेकको अन्य रकम (**आवेदक संस्थाको नाम** ).... .......................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................./ /-( अक्षरेपी.... ............) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ .....................बाट सञ्चालित यस कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ ।

साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>संलग्न कागजातहरु</u>

१. संस्था दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

२. जमिनको लालपूर्जाको प्रतिलिपी पत्र। लिजमा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि ।

३. संचालन हुने बीउ उत्पादनको व्यबसायिक योजना अनुसूची ३ बमोजिम ।

निवेदक

नाम

ठेगाना

छाप

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी
गण्डकी प्रदेश
पोखरा

अनुसूची ४

(दफा ८ सँग सम्वन्धित)

**बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मुल्याङ्कन फाराम**

| सि नं | छनौटको आधार | प्राप्त हुने अंक |
|---|---|---|
| १ | **कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | २० |
| | (क) सिंचाई, सडक र बिजुलीको सुविधा भएको | २० |
| | (ख) सडक र बिजुलीको सुविधा भएको तर सिंचाई नभएको/हुन नसक्ने | १५ |
| | (ग) सडक मात्र भएको तर सिंचाई र विजुली नभएको/ | १० |
| | (घ) सिंचाई, सडक र बिजुलीको सुविधा नभएको | ० |
| २ | **कार्यक्रम संचालन हुने जग्गा प्राविधिक रुपमा उपयुक्त भए/नभएको वा एउटै क्लष्टर परेको/नपरेको** | ३० |
| | (क) प्रस्तावित कार्यक्रम संचालनका जग्गा उपयुक्त भएको र एउटै क्लष्टर परेको | ३० |
| | (ख) प्रस्तावित कार्यक्रम लागि जग्गा उपयुक्त भएको र तर एउटै क्लष्टर नपरेको | १५ |
| | (ग) प्रस्तावित कार्यक्रम लागि जग्गा उपयुक्त नभएको र तर एउटै क्लष्टर नपरेको | ० |
| ३ | **प्रस्तावित कार्यक्रम निरन्तरताको संभावना** | ३० |
| | (क) प्रस्तावित कार्यक्रम संचालन निरन्तरता हुने बलियो आधार देखिएको | ३० |
| | (ख) प्रस्तावित कार्यक्रम संचालन निरन्तरता हुन सक्ने सामान्य संभावना देखिएको | २० |
| ४ | **कार्यक्रम संचालनका लागि कृषक समूह, कृषि सहकारी वा अन्य संस्थाको सदस्यहरु जागरुक र प्रतिवद्ध भए/नभएको** | १० |
| | (क) समुह, सहकारीका र अन्य संस्थाको अधिकतम कृषकहरुको सक्रिय सहभागितामा कार्यक्रम संचालन हुने देखिएको | १० |
| | (ख) समुह, सहकारीका र अन्य संस्थाको न्युन कृषकहरुको सक्रिय सहभागितामा कार्यक्रम संचालन हुने देखिएको | ५ |
| ५ | **बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रमको लागि जनशक्तिको अवस्था** | १० |
| | (क)बीउ उत्पादन, प्रशोधन र भण्डारण सम्वन्धि कम्तिमा १ वर्ष ज्ञान भएका व्यक्तिहरुको उपलव्धता भएको | १० |
| | (ख)सामान्य कृषि ज्ञान भएका व्यक्तिहरुको उपलव्धता भएको | ७ |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

## अनुसूची ५
## (दफा ९ सँग सम्वन्धित)

### सम्झौता-पत्र

१. यो सम्झौता पत्र ...................(प्रथम पक्ष) र ...........(दोश्रो पक्ष) बीच बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ......... दिनभित्र शुरु गर्नुपर्नेछ ।

४. बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ......... किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ । आयोजनाको लागि स्वीकृत अनुदान रकम मध्ये कम्तीमा ......... प्रतिशत रकम कार्य प्रारम्भ भएपछि प्रथम किस्ताको रुपमा उपलब्ध गराउने र सम्पूर्ण काम समापन भएपछि अन्तिम किस्ताको रुपमा बाँकी रहेको सम्पूर्ण रकम उपलब्ध गराउने छ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ४.० (चार) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले दैनिक भ्रमण भत्ता, ईन्धन, कार्यालय समान र अन्य आवश्यक काममा प्रयोग गर्ने छ ।

६. किस्ता रकम भुक्तानी दिंदा ......... ......... प्राविधिकको सिफारिसको आधारमा गरिनेछ । दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा ......... ....... दिइएको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकको सहयोगबाट अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएको ......... ......... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रम सञ्चालनका सम्बन्धी कार्यक्रमहरु ........ ......... वर्षभित्र सम्पन्न गर्नुपर्नेछ ।

९. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

| | |
|---|---|
| ............................ | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

अनुसूची - ६

(दफा १० सँग सम्वन्धित)

<u>प्रतिबद्धता पत्र</u>

........ले मिति २०७..../ ..../ ....को सूचना अनुसार बीउ उत्पादन, प्रशोधन र भण्डारण कार्यक्रमका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी ........बर्षसम्म निरन्तरता दिनेछु/छौं । कार्य योजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं । इतिसम्बत २०७...../ ..../ .....गते रोज ...... शुभम् ।

नामः

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दाँया | बाँया |
|---|---|
| | |